# प्रेस बिज्ञप्ती

साउन १३, २०७७

काठमाडौँ व्यवहारिक बिज्ञान प्रतिष्ठान

नेपालका एफ.एम. रेडियोहरुमा वातावरण सम्बन्धि कार्यक्रमको अवस्था र चुनौतीहरुका बारेमा गरिएको देशब्यापी अध्ययनबाट प्राप्त तथ्यहरु सार्वजनिक गर्न पाउँदा खुशी लागेको छ । बढ्दो वातावरणीय समस्याहरुको बारेमा जनचेतना मुलक सूचना प्रवाह गर्ने काममा एफ.एम. रेडियोहरुको अग्रणी भूमिका रहेको कुरा बिधितै छ । अझ ८०% भन्दा बढी जसो रेडियो प्रयोगकर्ता रहेको नेपालमा यसको बिशेष महत्व रहन्छ ।

काठमाडौँ व्यवहारिक बिज्ञान प्रतिष्ठान, अमृत क्याम्पस र सम्पन्न संचार प्रा लि (अनुसन्धान सुरु गर्दा उज्यालो एफ.एम. मा कार्यरत) का अनुसन्धानकर्ताहरुको प्रयासमा भएको अध्ययन, कभरेजका हिसावले दक्षिण एशियामै पहिलो हो । यस अध्ययनमा विशेष गरेर नेपालका रेडियोहरुमा वातावरण सम्बन्धि कार्यक्रमको अवस्था, तिनका प्रकार र चुनौतीहरुको सम्बन्धमा विश्लेषण गरिएको छ । अध्ययनको नतिजा अनुसार अधिकांश रेडियोहरुमा वातावरण सम्बन्धि कार्यक्रम समाबेश भएको र धेरैले प्राइम समयमा नै यस्ता कार्यक्रमहरु प्रसारण गर्ने गरेको पाइएपनि रेडियो प्रसारक र स्रोताहरुको वातावरण सम्बन्धि कार्यक्रममा कम मात्र रुचि तथा चासो पाइएको छ ।

करिब ६० प्रतिशत रेडियोले वातावरण सम्बन्धि कार्यक्रम प्रसारण गर्ने गरेको पाइएपनि सबैले आफै कार्यक्रम उत्पादन गर्ने गरेको पाइएन । प्रसारण भईरहेका कार्यक्रमहरु मध्ये वातावरण सम्बन्धि कार्यक्रमहरु ज्यादै कम रुचाइएका भेटिएको छ । जब कि विविध विषयबस्तु समाबेश गरिएका वातावरण सम्बन्धि कार्यक्रमहरु भने स्रोताले बढी रुचाएका छन् । वातावरण सम्बन्धि कार्यक्रमको महत्वको बारेमा अधिकांश उत्तरदाताको सहमति रहेतापनि बिगतमा वातावरण सम्बन्धि कार्यक्रम चलाएर छोडेका २२% रेडियोहरु मध्ये ज्यादै कमले मात्र पुनः वातावरण सम्बन्धि कार्यक्रम चलाउने इच्छा ब्यक्त गरेका छन् ।

प्रत्येक व्यक्तिको दैनिकीसंग प्रत्यक्ष जोडिएका वन तथा वन्यजन्तु र जलस्रोत व्यवस्थापन जस्ता जनचासोका स्थानीय विषयबस्तुहरु समावेश गरिएका रेडियो कार्यक्रमहरुले सकारात्मक परिवर्तन

ल्याउने देखिएको छ । यद्यपी, यसको लागि प्रयाप्त लगानी तथा मानव संशाधनको उचित व्यवस्थापन हुनु जरुरी छ ।

वातावरण सम्बन्धि कार्यक्रम संचालन गर्दाका चुनौतीहरुको कुरा गर्दा सिमित आर्थिक स्रोत, विज्ञ तथा विषयगत तालिम प्राप्त पत्रकारहरुको न्युन उपलब्धताका साथै संस्थागत प्राथमिकता नहुनु जस्ता कारणहरुलाई मुख्य रुपमा लिइएको छ ।

उल्लेखित चुनौतीहरुका बाबजुद पनि -- कमजोर आर्थिक अवस्था तथा न्युन साक्षरता भएको नेपाल जस्तो मुलुकको लागि  एफ.एम. रेडियो संचार साधनको राम्रो विकल्प को रुपमा लिन सकिन्छ । यसर्थ, हामी नेपाल सरकारलाई हाल भईरहेको द्रुत वातावरणीय परिवर्तनहरुको उचित व्यवस्थापन गर्न वातावरण सम्बन्धि अभियानहरुलाई अझ ससक्त बनाउन अपरिहार्य भएकोले  संचार माध्यमहरुको संग्लग्नता सम्बन्धि रणनीति तर्जुमा गर्न सुझाब दिन्छौं । यो रणनीति रेडियोबाट प्रसारण हुने वातावरण सम्बन्धि कार्यक्रमहरुलाई दिगो, समावेशी, प्रतिनिधिमुलक र रुचिपूर्ण बनाउन कोशेढुंगा साबित हुने अपेक्षा गर्दछौं ।  यसबाट नेपालको वातावरणीय सन्तुलन कायम गर्न उल्लेखनिय सहयोग पुग्नेछ ।

यस अध्ययनबाट प्राप्त जानकारी तथा  निष्कर्षहरु पनि नेपालको संचार माध्यम सम्बन्धि रणनीति तर्जुमा गर्ने सन्दर्भमा महत्वपुर्ण साबित हुने अपेक्षा गरेका छौं ।

**थप जानकारीको लागि:**

डा. प्रकाश कुमार पौडेल

काठमाडौँ व्यवहारिक बिज्ञान प्रतिष्ठान

इमेल: pkpaudel@kias.org.np

मोबाइल: 98494-84530